आ.व. २०७६/०७७ को प्रथम बैठक

आज मिति २०७६ साल श्रावण २६ गते आइतवार राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदीज्यूको अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी,राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्तीगाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्तीगाउँकार्यपालिका ।

सदस्य श्री बेदप्रसादचौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री,राप्तीगाउँकार्यपालिका ।

सदस्य श्री कुवारी देवीकार्की,राप्तीगाउँकार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा,राप्तीगाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग,राप्तीगाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी,राप्तीगाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर,राप्तीगाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत,राप्तीगाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्य श्रीसुनितामल्ल,राप्तीगाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी,राप्तीगाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर,राप्तीगाउँकार्यपालिका ।

सदस्य श्रीसंजिव परियार,राप्तीगाउँकार्यपालिका ।

सदस्य-सचिव श्री रामप्रसद शर्मा,राप्तीगाउँकार्यपालिका ।

आमन्त्रित

१. श्यामलाल पोखेल वडा सदस्य वडा नं १

२. श्री रेशमराज अधिकारी स.ले.पा.

३. श्री तिर्थराज ज्ञवाली सञ्चार संयोजक

## निर्णयहरु :

**निर्णय नं. १** : संघीय सरकारबाट नमुना कानुनको खाकाको रुपमा तयार भई यस गाउँपालिकाको विधेयक समितिबाट आवश्यक थप घट तथा संशोधन भई यस कार्यपालिकामा पेश हुन आएका निम्न विधेयकहरुको दफावार छलफल गरी संशोधन गर्नुपर्ने बुदाहरुमा संशोधन समेत गरिएको हुँदा उक्त बिधेयक स्वीकृत गरी अन्तिम स्वीकृतिका लागि यस गाउँपालिकाको गाउँ सभामा पठाउने निर्णय गरियो ।

क) राप्ती गाउँपालिकाको विपत जोखिम न्यूनीकरण विधयेक, २०७६

ख) राप्ती गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा विधयेक, २०७६

ग) राप्ती गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थि गर्न बनेको विधयेक, २०७६

घ) राप्ती गाउँपालिकाको शिक्षा सम्बन्धी बिधयेक, २०७६

**निर्णय नं. २** : राप्ती गाउँपालिकाको सहकारी ऐन २०७५ संघीय सहकारी ऐन २०७४ को केही दफा संग बाझिन गएकोले उक्त दफामा संसोधनका लागि सभामा लैजाने निर्णय गरियो ।

**निर्णय नं. ३** : राप्ती गाउँपालिकाको आफ्नो श्रोतबाट नपुग्ने तपसिल बमोजिमका ठूला आयोजना संचालनका लागि आवश्यक बजेट व्यवस्थाका लागि संघीय सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

१) रामनगर बराखुटी कुलोको बालुवा व्यवस्थापन आयोजना ।

२) मझेरीया भगवानपुर देखि लठ्ठहवा जाने दोलै खोलामा पक्की पुल ।

३) मौरीघाट श्रीनारायण चोक -देवीकोट सडकमा पर्ने दोलै खोलामा पक्की पुल निर्माण

४) राप्ती गा पा १ राष्ट्रिय मा वि देखि अर्घाखाँची सितगंगा जोडने राप्ती नदीमा पक्की पुल ।

**निर्णय नं. ४** : राप्ती गाउँपालिकाको आफ्नो श्रोतबाट नपुग्ने तपसिल बमोजिमका ठूला आयोजना संचालनका लागि आवश्यक बजेट व्यवस्थाका लागि प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

१) मसुरीया खुरुरीया सडकको सानो नदीमा पक्की पुल

२) भानपुर सिसहनिया चिरुवा कुलोमा पक्की लाईनिङ

३) पहरुवा देखि सिंगे कुलोमा पक्की लाईनिङ

४) पिपरीबाट कोहलुवा जोडने दोलै खोलामा पक्की पुल ।

५) रामनगर बराखुटी कुलोको बालुवा व्यवस्थापन आयोजना ।

६) मझेरीया भगवानपुर देखि लठ्ठहवा जाने दोलै खोलामा पक्की पुल ।

७) मौरीघाट श्रीनारायण चोक -देवीकोट सडकमा पर्ने दोलै खोलामा पक्की पुल निर्माण

८) राप्ती गा पा १ राष्ट्रिय मा वि देखि अर्घाखाँची सितगंगा जोडने राप्ती नदीमा पक्की पुल ।

**निर्णय नं. ५** : राप्ती गाउँपालिकाको पाँचौं गाउँसभाबाट यस आर्थिक बर्षमा डिपिआर का लागि बिनियोजन गरिएको बजेटबाट निम्न आयोजनाहरुको प्राथमिकताका आधारमा तत्काल डिपिआरको कार्य अगाडी बढाउन गाउँपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१) मौरीघाट श्रीनारायण चोक -देवीकोट सडकमा पर्ने दोलै खोलाको पक्की पुलको डिपिआर ।

२) लठ्ठहवा - मझेरीया सडकमा पर्ने दोलै खोलामा पक्की पुलको डिपिआर ।

३) राप्ती गाउँपालिका वडा नं ८ को कोहलुवा स्थित गुम्बाको डिपिआर ।

४) राप्ती गा पा १ राष्ट्रिय मा वि देखि अर्घाखाँची सितगंगा जोडने राप्ती नदीमा पक्की पुलको डिपिआर ।

**निर्णय नं. ५** : यस राप्ती गाउँपालिकामा कार्यरत रहेका स्वास्थ्य कर्मीको करार सेवा नविकरण गर्दा सामाजिक विकास समितिको मिति २०७६/०४/२३ को निर्णय अनुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** : थारुवान थरुहट सम्मेलन तयारी समितिको माग अनुसार सम्मेलन तयारीका लागि रु २५,००० ०० यस गाउँपालिकाको सभा सम्मेलन सहयोग शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।